म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १६० शनिबार ७ माघ २०७९ ने. सं. ११४३ पोहेलागा 21 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

☞ चिसोमा बाहिर ननिस्कने,
☞ धुम्रपान मधपान नगरौं,
☞ रुघाखोकी लाग्नबाट बचौं,
☞ चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
☞ शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
☞ हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिलेस्वास्थ्य परीक्षण गरौं,
जाडोको जोखिमबाट आफु पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीका किसानले पाउने भए परिचयपत्र

श्रीजना नेपाल

हेटौंडा, ६ माघ/ बागमती प्रदेशका किसानले परिचयपत्र पाउने भएका छन् ।

प्रदेश सरकारले प्रदेश भित्रका कृषकहरुलाई किसान परिचयपत्र वितरण गर्ने भएको हो । गत आर्थिक वर्षदेखि नै प्रदेश सरकारले किसान परिचयपत्र वितरण गर्ने भने पनि कानुनी अड्चनको कारण रोकिँदै आएको थियो । तर, सरकारले अध्यादेशमार्फत् कृषि ऐन जारी गरेसँगै प्रदेशभित्रका किसानहरुले परिचयपत्र पाउने भएका हुन् । अध्यायदेशमार्फत् कृषि विकास ऐन ल्याएको बागमती प्रदेश सरकारले सोही ऐनको प्रावधानअनुसार किसान परिचयपत्र वितरण गर्ने भएको प्रदेशको कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयले किसानको अवस्था वर्गीकरण गरेर किसान परिचयपत्र वितरण गर्ने तयारी गरेको छ । प्रदेशका किसानलाई सरकारले ३ प्रकारको परिचयपत्र वितरण गर्ने तयारी गरेको हो ।

व्यावसायिकताको आधारमा वर्गीकरण गर्दै निर्वाहमुखी किसानलाई रातो, अर्धव्यावसायिक किसानलाई पहेँलो र व्यावसायिक किसानलाई हरियो रंगको परिचयपत्र वितरण गर्ने सरकारको योजना रहेको मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले जानकारी दिए । 'निर्वाहमुखी कृषि गरिरहेका किसान, व्यावसायिकरूपमा कृषितर्फ उन्मुख भइरहेका र पूर्ण व्यावसायिक किसानको पहिचान गरेर उनीहरूको आवश्यकता अनुसारको कार्यक्रम ल्याउने हाम्रो योजना हो', उनले भने ।

किसानले आफ्नोबारे सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रमा पुगेर आफूलाई सूचीकृत गराउनुपर्नेछ । मन्त्रालयले तयार पारेको कार्यविधिमा खाद्यान्न बाली, फलफूल, तरकारी, आलु, दलहन, तेलहन, पुष्प, मसला बाली, संरक्षित संरचना, मौरी घार संख्या, रेशम कोया उत्पादन र च्याउ उत्पादनको अवस्थाको आधारमा किसानलाई ३ वर्गमा वर्गीकरण गरिने उल्लेख गरिएको छ ।

पशुपालनतर्फ गाईभैंसी, भेडाबाखा, बंगुर, कुखुरा (ब्रोइलर), कुखुरा (लेयर्स), टर्की (हाँस) कालिज




र माछापालनको क्षेत्रफल हेरेर किसानलाई वर्गीकरण गरेर परिचयपत्र दिने कार्यविधिमा उल्लेख छ । कार्यविधिमा प्राङ्गारिक खेती गरी प्रमाणीकरण प्राप्त गरिरहेका सबै किसान व्यावसायिक किसान हुने व्यवस्था छ ।

उनका अनुसार १० देखि ३० कट्ठा क्षेत्रफलमा खाद्यान्न बाली, फलफूल, तरकारी, दलहन पुष्प, मसला बालीलगायत खेती गरिरहेका किसानलाई अर्धव्यावसायिक किसानको रुपमा परिचयपत्र प्रदान गरिन्छ । ६ देखि २५ वटासम्म मौरीको घार भएका, वार्षिक ५ सय केजीदेखि हजार केजीसम्म रेशम कोया उत्पादन गर्ने या वार्षिक २ सयदेखि हजार केजीसम्म च्याउ उत्पादन गर्ने किसानलाई पनि अर्धव्यावसायिक किसानको रुपमा समेटिनेछ ।

१० कट्ठाभन्दा कम क्षेत्रफलमा खाद्यान्न बाली, फलफूल, तरकारी, दलहन पुष्प, मसला बालीलगायत खेती गरिरहेका किसानलाई निर्वाहमुखी किसानको रुपमा परिचयपत्र प्रदान गर्ने गरी मन्त्रालयले कार्यविधि बनाएको छ । मन्त्रालयले ३ महिने अभियान नै सञ्चालन गरी किसान परिचयपत्र वितरण गरिने मन्त्रालयका अधिकारीले बताए । उनका अनुसार अभियान सकिएपछि पनि भेटेरीनरी अस्पताल तथा कृषि ज्ञान केन्द्रमार्फत् नियमितरुपमा किसान परिचयपत्र वितरण हुनेछ ।

परिचयपत्रको दर्ता तथा अद्यावधिकको लागि कुनै शुल्क नलाग्ने तथा किसानले प्रत्येक २ वर्षमा परिचयपत्र अध्यावधिक गराउनुपर्ने व्यवस्था गरिएको छ । किसानलाई ३० कट्ठाभन्दा बढी क्षेत्रफलमा खाद्यान्न बाली, फलफूल, तरकारी, दलहन पुष्प, मसला बालीलगायतका खेती गरिरहेका व्यावसायिक किसानको परिचयपत्र प्रदान गरिनेछ भने वार्षिक हजार केजीभन्दा बढी रेशम कोया या च्याउ उत्पादन गर्ने तथा २६ घारभन्दा बढी माहुरी पालन गर्ने किसानले पनि व्यावसायिक किसानको रुपमा परिचयपत्र पाउने मन्त्रालयले बनाएको कार्यविधिमा उल्लेख छ ।

प्राङ्गारिक खेती गरी प्रमाणीकरण गराइरहेका सबै किसानलाई पनि व्यावसायिक किसानको किसान परिचयपत्रका आधारमा आगामी दिनमा कृषि क्षेत्रमा सरकारले परिचयपत्र दिइने मन्त्रालयका सचिव शरणकुमार पाण्डेले बताए । लगानी गर्न सहज हुने हुँदा आफूहरुले किसान परिचयपत्र वितरण गर्न लागिएको सचिव पाण्डेको भनाइ छ । उनले व्यावसायिक, अर्धव्यावसायिक र निर्वाहमुखी गरी तीन प्रकारका किसान निर्धारण गरी परिचयपत्र दिन लागेको भन्दै यसले कुन प्रकारको किसानलाई कस्तो भनेर आगामी दिनमा बजेट निर्धारण गर्न सहज हुने बताए । सचिव पाण्डेले किसानलाई परिचयपत्रमात्र दिनेभन्दा पनि कुन प्रकारका किसान कति छन् भन्ने आधारमा सरकारले आगामी वर्षबाट बजेट र कार्यक्रम पनि बनाउने दाबी गरे ।

मन्त्रालयका सूचना अधिकारी अधिकारीले किसान परिचयपत्र वितरणको लागि मन्त्रालयले कार्यविधि तयार गरेर कार्यान्वयनको चरणमा गएको बताए । उनले चालू आर्थिक वर्षमा प्रदेशका किसानलाई परिचयपत्र वितरण गर्नको लागि ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको जानकारी दिए । उनले बागमती प्रदेशभरिमा छ लाख २४ हजार कृषक घरधुरि रहेको अनुमान गरिएको बताए ।

एक घरधुरीलाई एउटा किसान परिचयपत्र वितरण गरिने उनको भनाइ छ । किसानहरुको आत्मसम्मान र उनीहरुको परिचय स्थापित गर्नुको साथै किसानको वर्गअनुसार कार्यक्रम ल्याउन, किसानलाई बैंक र वित्तीय संस्थासँग जोड्न, किसानको वास्तविक तथ्याङ्क पत्ता लगाउन र किसानको अवस्था अनुसारको योजना तर्जुमा गर्न किसान परिचयपत्र वितरण गर्न लागिएको उनको भनाइ छ । 'किसानहरुले आफूलाई किसान भनेर चिनाउन परिचयपत्रले सजिलो हुन्छ । सरकारी सेवा सुविधाको प्रयोग गर्न पनि किसानलाई सजिलो हुनुको साथै किसानको आत्मसम्मानलाई पनि परिचयपत्रले बढाउनेछ', अधिकारीले भने ।

यसअघि किसान परिचय पत्र वितरण कार्यविधि, २०७८ मा कानुनी जटिलता देखिएको भन्दै आन्तरिक मामिला तथा कानुन मन्त्रालयले कार्यान्वयन गर्न अनुमति नदिँदा किसान परिचयपत्र वितरण योजना अड्किएको थियो । तर, प्रदेश सरकारले अध्यायदेशमार्फत् कृषि विकास ऐन ल्याएपछि प्रदेशका किसानहरुले परिचयपत्र पाउने भएका हुन् ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले किसान परिचयपत्र वितरणका लागि प्रदेशको किसान परिचयपत्र वितरण कार्यविधिसमेत निर्माण गरी कार्यान्वयनको चरणमा गएको जनाएको छ । बागमती प्रदेशको तत्कालीन कृषि तथा पशुपन्छी विकास मन्त्री बसुन्धरा हुमागाईंले ०७८ पुस १४ गते ५१ बुँदे मार्गचित्र सार्वजनिक गरे ।

आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम र बजेट सदनबाट पास भइसकेपछि मन्त्रालयको जिम्मेवारी सम्हाल्न आइपुगेका मन्त्री हुमागाईंले ५१ बुँदे मार्गचित्रमार्फत् आफूले गर्ने काम सार्वजनिक गरेका थिए । कृषि क्षेत्रको विभिन्न योजनालाई समेटेर बनाइएको मार्गचित्रमा 'किसान परिचयपत्र वितरण'को योजना निकै महत्वपूर्ण थियो । तर, उक्त योजना कार्यान्वयन नगरिकन मन्त्री हुमागाईं गत पुस २५ गते पदमुक्त भएका छन् ।

मन्त्री हुमागाईं र मन्त्रालयका सचिव शरणकुमार पाण्डेसँगै कर्मचारीहरुले किसान परिचयपत्र वितरणको योजनालाई द्रूत गतिमा अघि बढाउन खोजेपनि कहिले अर्थ मन्त्रालय त कहिले कानुन मन्त्रालयले कार्यविधि निर्माण र कार्यान्वयनमा सहमति नदिँदा अड्किएको थियो । कृषि मन्त्रालयले प्रशासकीय कार्यविधि ऐन, २०१३ लाई टेकेर किसान परिचयपत्र वितरण कार्यविधि, २०७८ बनाएको थियो । जसलाई कानुन मन्त्रालयले अस्वीकार गरेको थियो ।

प्रशासकीय कार्यविधि ऐनलाई टेकेर बनाएको कार्यविधिले किसानलाई पहिचान गर्न नसक्ने कानुन मन्त्रालयको दाबी थियो । मन्त्रालयले किसानलाई परिचयपत्र दिनको लागि प्रशासकीय ऐनमार्फत् नभई कृषिसम्बन्धी नै नियमावली बनाउनु पर्ने अडान लिएपछि प्रदेश सरकारले अध्यादेश जारी गरेको थियो । सरकारले अध्यादेशबाट ऐन बनाएसँगै अब छिट्टै प्रदेशका किसानले परिचपत्र पाउने भएका छन् ।

सुस्मिता हत्या प्रकरण:

# ससुरासहित चार जनालाई जन्मकैद सजाय

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/हेटौंडा उपमहानगरपालिका-४ कर्राकी सुस्मिता केसी (थापा)को हत्या प्रकरणमा यसअघि दोषि ठहर भएका परिवारका सबै जनालाई सजाय तोकिएको छ ।

जिल्ला अदालत मकवानपुरले शुक्रबार ससुरासहित चार जनालाई २५ वर्ष जन्मकैद र सासू एक जनालाई १० वर्षको कैद सजाय तोकेको हो । गत २१ पुसमा अदालतले हत्या प्रकरणका पाँच जना अभियुक्तमाथि कसुरदार ठहरको फैसला सुनाएको थियो । सुस्मिताको हत्यामा संलग्न भएको आरोपमा ससुरा, सासू, दुई नन्द र ज्वाइँलाई अदालतले कसुरदार ठहर गरेपनि सजाय भने तोकेको थिएन ।

अदालतका न्यायाधीश श्रीप्रसाद सञ्जेलको शुक्रबार बसेको ईजलासले ५८ वर्षीय ससुरा प्रकाश थापा, जेठी नन्द दुर्गा थापा, कान्छी नन्द सीता थापा र ज्वाइँ अरुण कार्कीलाई जनही २५ वर्ष जन्मकैदको फैसला सुनाएको हो । ससुरा प्रकाश र कान्छी नन्द सीतालाई मुख्य अभियुक्तका रूपमा दाबी गरिएको थियो ।

कपिलवस्तुको बाणगंगा नगरपालिका माइती भएकी २२ वर्षीया सुस्मिताको हेटौंडा उपमहानगर पालिका-४, स्थित घरमा २०७७ असार १ गते राति करिब १० बजेको समयमा हत्या भएको थियो । घरको भान्सा कोठाभित्र २ असार बिहान सुस्मिता टाउकोमा चोट लागेको अवस्थामा मृत भेटिएकी थिइन् । घरको भान्सा कोठामा ससुरा प्रकाश र नन्द सीताले सुस्मितामाथि काठको लौरो र मसला पिस्ने लोहोरोले हानेर बीभत्स हत्या गरेको मकवानपुर प्रहरीको दाबी थियो ।

प्रहरीले भने जेठी नन्द दुर्गा र ज्वाइँ कार्कीलाई योजनाकारको रूपमा मुद्दा चलाएको थियो । अदालतले सुस्मिताकी सासू तुलसाकुमारी थापालाई हत्याको मतियार ठहर गरी १० वर्ष कैदको फैसला गरेको अधिवक्ता बालकृष्ण अधिकारीले जानकारी दिए । घटना हुँदा जेठी नन्द दुर्गा र ज्वाइँ कार्की काठमाडौंस्थित घरमा थिए । दुर्गालाई प्रहरीले काठमाडौंबाट नियन्त्रणमा लिएको थियो भने फरार रहेका कार्की पछि अदालतमा हाजिर भएका थिए ।

सुस्मिताले हेटौंडाका रुपेन्द्र थापासँग विवाह गरेकी थिइन् । रुपेन्द्रको ससुरालीबाट हेटौंडा फर्किंदै गर्दा नवलपारीको दाउन्नेमा विवाह गरेको ६ महिनापछि मोटरसाइकल दुर्घटनामा परेर मृत्यु भएको थियो । उनको मृत्युपछि सुस्मिताकै कारण आफ्नो छोरोले ज्यान गुमाएको भन्दै घर पक्षले मानसिक तनाव दिँदै आएका थिए । घटना मृतक थापाको बीमा दाबी गरेपछि प्राप्त पैसाको निहुँमा भएको प्रहरीको अनुसन्धानबाट खुलेको थियो ।

पीडित पक्षका तर्फबाट जिल्ला न्यायाधिवक्ता मुकुन्दहरि पौडेल, सहन्यायाधिवक्ता राजेन्द्र पौडेल, अधिवक्ताहरू मदन दाहाल, बालकृष्ण अधिकारी, मनप्रसाद भट्टराई, अप्सरा बस्नेतलगायतले बहस गरेका थिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# मकवानपुरका पाख्रिनसहित ८ जना पक्राउ

हेटौंडा, ६ माघ/ अवैध रुपमा संरक्षित काठ ओसारपसारमा संलग्न भएको भन्दै काठमाडौं प्रहरीले मकवानपुरका एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीले ठूलो परिमाणको अवैध काठसहित ८ जनालाई पक्राउ गरेको हो । काठमाडौं तार्केश्वर नगरपालिका-१ स्थित जगत बसपार्कबाट एकहजार छसय ६७ दशलव २५ क्युफिट काठसहित ८ जनालाई पक्राउ गरेको जानकारी दिएको छ । प्रहरीले मकवानपुरको थाहा नगरपालिका-८ घर भएका २७ वर्षीय विनोद पाख्रिनलाई पक्राउ गरेको हो । पाख्रिनसँगै नुवाकोट पञ्चकन्या-४ का ३१ वर्षीय सुकमान तामाङ, शिवपुरी गाउँपालिका-३ घर भएका २८ वर्षीय सूर्य तामाङ, ३० वर्षीय सूर्य लामा, २५ वर्षीय छिरिङ लामा, २० वर्षीय वीरेन्द्र तामाङ, टोखा बस्ने ४० वर्षीय सन्तु तामाङ र उत्तरगया घर भएका ३१ वर्षीय सुक्रबहादुर लो रहेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

नुवाकोटबाट काठमाडौंतर्फ आउँदै गरेको बागमती प्रदेश ०१००६ ख ४९४१, बा. ५ ख ३६५६, बा. ५ ख १४३९ र बा. ५ ख ३३५६ नम्बर मिनी ट्रकमा काठ ल्याउँदै गरेको अवस्थामा चिलाउने र उत्तिस जातका काठ उक्त परिमाणमा बरामद गरिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उत्तिसको काठ गोलिया पाँच सय १४ र चिलाउने काठ गोलिया ६२ थान रहेको छ ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
**सम्पर्क नम्बर:**
९८४५०२७०६४/९८५५०६८०३८



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# म्यासेन्जर, भाइबर, ह्वाट्सएपजस्ता ओटीटी नियमन गर्न अध्ययन



नेपाल दूरसञ्चार प्राधिकरणले नेपालमा प्रयोगमा रहेका 'ओभर द टप' (ओटीटी) अर्थात् इन्टरनेट सेवामार्फत इन्टरनेट टेलिफोन तथा भिडियो सेवा प्रदान गर्ने एप्लिकेसनको नियमनबारे अध्ययन थालेको छ । दूरसञ्चार प्राधिकरणका निर्देशक अमर स्थापितको नेतृत्वमा बनेको कार्यदलले ओटीटीको नियमनको आवश्यकता, विधि र अन्तर्राष्ट्रिय अभ्यासबारे अध्ययन थालेको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए ।

'नियमन नगर्दा ओटीटीमार्फत ठगी र विभिन्न आपराधिक तथा गैरकानुनी काम भइरहेका छन्,' उनले भने,'त्यसैले नियमनका लागि के गर्न सकिन्छ भन्नेबारे कार्यदलले प्रतिवेदन दिनेछ ।'

महालेखा परीक्षकको कार्यालयले पटक- पटक 'ओभर द टप'मार्फत इन्टरनेट टेलिफोन सेवा प्रदान गर्ने एप्लिकेसनसँग पनि राजस्व असुल्ने व्यवस्था गर्न सुझाव दिँदै आएको थियो । भाइबर, फेसबूक मेसेन्जर, स्काइप, ह्वाटस् एप, विच्याट, इमो जस्ता एप्लिकेसनहरु करको दायरामा ल्याउन महालेखाको ५८औं प्रतिवेदनले पहिलोपटक सुझाव दिएको थियो ।

यस्ता एप्लिकेसनले सेवा प्रदान गर्नुपूर्व दर्ता हुनुपर्नेमा कुनै पनि सेवाप्रदायक संस्था दर्ता नभएको महालेखाको ठहर थियो । यस्ता ओटीटीलाई कानूनी दायरामा ल्याएर राजस्वको स्रोत बनाउनुपर्ने महालेखाको सुझाव छ ।

आयकर ऐन, २०५८ को दफा ६७ मा रेडियो अप्टिकल्स फाइबर्स वा भू-उपग्रह जस्ता सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने व्यवसाय सञ्चालन गर्ने व्यक्तिले नेपालमा स्थापित संयन्त्रबाट खबर वा सूचना सम्प्रेषण गरी प्राप्त गरेको भुक्तानी नेपालमा स्रोत भएको मानिने व्यवस्था छ । यसअनुसार नेपालमा सञ्चालित क्रियाकलापको स्रोत नेपालमा हुने व्यवस्था महालेखाको ठहर छ ।

'यस्ता एप्लिकेसनले ओभर दि टप अफ सर्भिसेजको माध्यमले सेवा दिएकोले टेलिफोन सेवाको महत्वपूर्ण हिस्सा इन्टरनेटको प्रयोग गरी एप्लिकेसनमार्फत सञ्चालन भइरहेको छ,' महालेखाको ५६औं प्रतिवेदनमा भनिएको छ, 'टेलिफोन सेवा प्रदायकको टेलिफोन सेवाबापत प्राप्त हुने आयमा ती एप्लिकेसन प्रयोगको कारण ह्रास आएको छ । एप्लिकेसनमार्फत सेवा प्रदान गर्ने निकाय दर्ता नभएका कारण सम्भाव्य राजस्व गुमेको अवस्था छ । त्यसैले कानुनी तथा नीतिगत सुधारेर यी सेवा प्रदायकबाट राजस्व असुल गर्ने व्यवस्था गर्नुपर्छ ।'

पछिल्लो समयमा ओटीटीको प्रयोग बढ्दा मोबाइल सेवा प्रदायकमार्फत हुने भ्वाइस कल र म्यासेज सेवाबाट टेलिकम कम्पनीले गर्ने आम्दानी घट्दै गएको छ । ओटीटीमा भिडियो कल मौलाउँदा इन्टरनेटका सेवग्राही बढे पनि भ्वाइस सेवामा प्रभाव परेको छ ।

राजस्व घटेको देखाएर मोबाइल सेवा प्रदायकहरुले सरकारले लिने लाइसेन्स नवीकरण दस्तुर र रोयल्टीको दर घटाउन दबाब बढाएका छन् । यही बेला प्राधिकरणले ओटीटीहरुको नियमनका लागि अध्ययन थालेको छ ।

तर, प्राधिकरण अहिले नै नियमन गर्ने निर्णयमा पुगिनसकेको प्रवक्ता पौडेल बताउँछन् । 'हामीले कल र म्यासेज गर्ने ओटीटी मात्रै हैन, टेलिभिजन र भिडियो सेवा दिने एपहरु पनि नियमन गर्न अध्ययन गरिरहेका हौं,' उनले भने,'प्रतिवेदनको सुझावका आधारमा मात्रै प्राधिकरणले के गर्ने भनेर निर्णय गर्छ ।'

**यौन/जीवनशैली**

# अनिच्छित गर्भबाट बच्ने उपाय



अक्सर दम्पती एउटा कुराले चिन्तामा हुन्छन्, 'शारीरिक सम्बन्धपछि गर्भ रह्यो भने ?' सन्तानको योजना नबनाएको अवस्थामा वा सन्तानको रहर पुगिसकेको अवस्थामा 'गर्भ रहनु' टाउको दुखाईको विषय बन्छ । किनभने अनायासै रहने यस्ता गर्भलाई राख्ने कि तुहाउने भन्ने कुराले दम्पतीलाई दुबिधामा पार्ने गर्छ । हुन त असुरक्षित यौन सम्बन्ध भएमा आपतकालीन पिल्स खान सकिन्छ, जसलाई यौन सम्पर्क गरेको ७२ घण्टाभित्र सेवन गरिसक्नुपर्छ । यद्यपि पटक-पटक यस्ता चक्की सेवन गर्न सम्भव हुँदैन, शारीरिक स्वास्थ्यका हिसाबले ।

यदि यौन सम्बन्धपछि तत्काल यस्ता चक्की सेवन गरिएन भने गर्भ रहन सक्छ । गर्भ रहेपछि दुईवटा विकल्प रहन्छ, गर्भ तुहाउने वा सन्तान जन्माउने । सन्तानको योजना नबनाएको अवस्थामा दुबै काम झन्झटिलो हुन्छ । गर्भपतन गराउँदा खर्च लाग्छ, स्वास्थ्यलाई उत्तिकै हानि गर्छ । यसले शारीरिक तथा मानसिक रुपमा सताउँछ । यदि दोस्रो विकल्प रोज्ने हो भने पनि योजनाबिना सन्तान जन्माउनु र हुर्काउनु त्यति लाभदायक नहुन सक्छ । यस्तो अवस्थामा के गर्ने त ? शारीरिक सम्बन्ध राख्दै नराख्ने ? वा कुन समयमा यौन सम्बन्ध राख्दा सुरक्षित होला ?

दम्पतीबीच नियमितरुपमा शारीरिक सम्बन्ध हुनुपर्छ । यसले उनीहरुलाई शारीरिक तथा भावनात्मकरुपमा नजिक ल्याउँछ । यदि दम्पतीबीच शारीरिक सम्बन्ध हुँदैन भने उनीहरुमा केही भावनात्मक समस्या देखापर्न सक्छ । भ्रम र अविश्वास पैदा हुनसक्छ । भ्रम र अविश्वासले दाम्पत्य सम्बन्धलाई सधैं धरापमा पार्छ । यौन सम्बन्ध राख्नुपर्छ, यो प्राकृतिक आवश्यकता पनि हो । यौन सम्बन्धका क्रममा केही सावधानी अपनाइयो भने अनिच्छित गर्भ रहनबाट बच्न सकिन्छ ।

यो तरिका धेरै पुरानो हो । यसमा शरीरको थर्मोमिटर, क्यालेन्डर र औंलाको सहायताले आफ्नो सर्वाइकल फ्लूइडको जाँच गर्न सकिन्छ । महिनावरीचक्रलाई ध्यानमा राख्नुपर्छ । यदि म्यूकस लचिलो छ भने तपाईंको गर्भ रहन सक्छ । यदि यो चिपचिपा छ भने सम्झनुहोस् कि तपाईंको समय सुरक्षित छ । यो प्रेग्नेन्सी रोक्ने सबैभन्दा सस्तो तरिका हो ।

यदि यौन सम्बन्धका क्रममा तपाईंहरु दुबै पेनिट्रेशन (योनीद्वारमा लिंग प्रवेश गराउने) गराउन चाहनुहुन्छ र अनिच्छित गर्भबाट पनि बच्न चाहनुहुन्छ भने कुनै किसिमको गर्भनिरोध प्रयोग गर्नुपर्छ ।

यदि तपाईं गर्भनिरोध र प्रेग्नेन्सी दुबैबाट बच्न चाहनुहुन्छ भने यौन सम्बन्धको क्रममा हात र मुखको प्रयोग गर्न सक्नुहुन्छ । विश्वास गर्नुहोस् कि हातको उत्तेजना र ओरल सेक्स पनि उत्ति नै सन्तुष्टिदायक हुन्छ । तर, यस क्रममा ध्यान दिनुपर्नेचाहिँ के भने विर्यलाई योनीको आसपासमा आउन दिनुहुँदैन । त्यसो त बिना पेनिट्रेशन यौन सम्बन्ध राख्दा गर्भवती हुने सम्भावना एकदम कम हुन्छ । तर, ध्यान राख्नुहोस् कि गर्भ रहनका लागि केवल एक स्पर्म नै काफी छ ।

अहिले गर्भनिरोधका अनेक उपाय छन् । यस्ता उपाय हुँदाहुँदै असुरक्षित यौन सम्बन्ध बनाउनुको कुनै अर्थ छैन । महिलाले गर्भनिरोधक गोली सेवन गर्न सक्छन् । कन्डोम प्रयोग गर्न सकिन्छ । अरु किसिमको विकल्प पनि छन् । यद्यपि कन्डोमबाहेकका विकल्प अपनाउँदा महिलाको शारीरिक स्वास्थ्यमा केही असर गर्छ कि भनेर ध्यान दिनुपर्छ ।

अक्सर यौनको लागि पुरुष नै अग्रसर हुने गर्छन् । जब पुरुषलाई यौनको इच्छा जाग्छ, तब उनले आफ्नो पार्टनरलाई त्यसका लागि तयार हुन आग्रह गर्छन् । पुरुषकै विर्य स्खलन भएपछि उनीहरुको यौन सम्बन्ध पूरा हुन्छ । यसमा महिलाको उपस्थिति र रुचिलाई त्यति ध्यान दिइँदैन । जबकी गर्भ रह्यो भने महिला नै बढी पीडित हुने हो । महिलाले नै बढी मानसिक र शारीरिक समस्या झेल्ने हो । यसकारण पार्टनरले असुरक्षित यौन सम्बन्ध बनाउने इच्छा राख्छ भने महिलाले हुन्न भन्न सक्नुपर्छ ।

# धेरै सेक्स गर्ने महिलाको 'मेमोरी पावर' पनि धेरै



महिलाहरुले जति धेरै सेक्स गऱ्यो त्यति धेरै दिमागको 'मेमोरी पावर' बढ्ने एक अध्ययनले देखाएको छ । यो अध्ययनले महिलाहरुलाई फाइदा हुन थालेको दाबी गरिएको छ ।

यो नयाँ अध्ययन मान्ट्रियलको मैकगिल युनिभर्सिटीको रिसर्चस्ले धेरै सेक्स गर्ने महिलाको मेमोरी पावर बढेको दाबी गरेको हो । अध्ययनका अनुसार सेक्सपछि महिलालाई धेरै शब्दहरु दिमागमा रहिरहने जनाइएको छ ।

धेरै सेक्स गर्दा पीवीआई (पेनिस वजाइनल इन्टरकोर्स) एक स्वस्थ जवान महिलाको मेमरी फङ्क्सनलाई झन् राम्रो बनाउन सक्ने गर्छ । अध्ययनकर्ताहरुले पहिला यो परीक्षण पशुमा गरेका थिए । पशुमा सफल परीक्षण भएपछि कलेज पढ्दै गरेकी जवान महिलामा सेक्सपछिको मेमोरी पावरका बारेमा परीक्षण गरेको समाचारमा उल्लेख छ ।

यसपछि १८ देखि २९ वर्षीया ७८ महिलामा परीक्षण गरिएको थियो । त्यसपछि ती महिलाको बोली, व्यवहार र अनुहारलाई आधार बनाएर एक कम्प्युटर मेमोरी प्रोग्राममा सामेल गरिएको थियो । जर्नल आर्काइव्स अफ सेक्सुअल बिह्याभियरमा छापिएको रिजल्टअनुसार शब्दलाई याद गर्ने क्षमता धेरै सेक्स गर्ने महिलामा सकारात्मक असर देखिएको थियो ।

**साहित्य**

## गर्दैछु म झूटको खेती

भोजराज घिमिरे

हात उही छन् औजार तिनै छन्
मन उही हो सिप फरक हुन सक्छ ।
निश्चित छ फसल अगल छ
विधि फरक छ
फस्टाउँदै गयो भने
अरुले नरोपुन्जेलसम्म
अरुले नकाटुन्जेलसम्म
फाइदै फाइदा छ ।

जोखिम त हुनैपर्छ
होइन भने नयाँ प्रयोगको के नै मज्जा
नयाँ रोपाइको के नै मज्जा
त्यसैले त म त गर्दैछु खेती
निकै दिन देखि झूटको खेती ।

न त यसमा छ डर ब्लास्टको
न त छ डर पतेरोको
न त पाक्के बेलामा छ डर असिनाको
न त रोप्ने डर छ खडेरीको

सुन्दैछु हिजो आज
असली किन भोग्दैछन् पीडा अनुदानमा
दु:ख मनाउँदैछन् किसान प्रतिस्पर्धामा
ब्याज तिर्दैछन् किसान आत्मदाहमा
त्यसैले को सुनोस
थरीथरीको घण्टा आफ्नै वरिपरी
न त मनसुनको लन्ठा
न त भाउको टन्टा
त्यसैले मत गर्दैछु खेती
निकै दिनदेखि झूटको ।

गजब छ यसको खेती पनि
न त यो सिमित छ कुनै जातमा
न त यो रोकिन्छ कुनै दिन या रातमा
सक्नेले जति पनि रोपेकै छन्
सक्नेले जति पनि काटेकै छन्
न त कुनै सिमाना छ थन्क्याउनुमा
केवल मजैमजा छ मनचिन्ते भकारी भुर्नमा ।

रोपे त कहिल्यै सकिदैन
काटेर त कहिल्यै सकिदैन
मरेर त कहिल्यै सकिदैन
त्यसैले
निकै दिनदेखि गर्दैछु
म झूटका खेती ।
काट्दैछु म खेती झूटको
अनि थन्क्याउँदैछु खेती झूटको

## बाबा



विशेष श्रेष्ठ

*कक्षा ८, नवोदय शिशु सदन*

आफूलाई जति गाह्रो परेपनि
आफ्नो बच्चाका लागि
मिहिनेत गरेर पैसा कमाउने
आफ्नो कामको मतलब नभई
आफ्नो बच्चालाई

चाहिने सामग्री लेराइदिने
आफ्नो स्वास्थ्यभन्दा ठूलो
आफ्नो छोराछोरीको लाग्ने
आफ्नो खुट्टामाथि मेरो खुट्टा
राखेर हिँड्न सिकाउने

चाहेको सबै कुरा पूरा गर्दिने
सबै कुरामा सहयोग गर्दिने
गल्ती हुँदा छिट्टै माफ गर्दिने
अरुभन्दा छुट्टै र असल व्यक्ति
मेरो बाबा

## गजल

प्रेम सेर्मा

प्रजातन्त्र भोग्नेलाई अमन भयो
भन्नेहरु भन्थे प्रतिगमन भयो ।

सहिदको सपना खोज्दै लोक हिड्दा
फेरि पनि त्यहीनेर दमन भयो ।

एकापसमा निगरानी गर्दागर्दै
हुलका हुल गस्तीहरु रमन भयो ।

विश्वासको संकट यहा पलाएर
कलम बाध्न तिमीबाट समन भयो ।

सर्पलाई दूध ख्वाई पालेर हो कि
प्रेमको फल विष वमन भयो ।

## इन्द्रेणी



निसृका थापा

*कक्षा ४, नवोदय शिशु सदन*

इन्द्रेणी हुन्छन् धेरै रङ
तिमीले पार्छौ सबैलाई दङ्ग
मलाई घुम्न मनपर्छ इन्द्रेणीसँग
इन्द्रेणी हुँदैन कुनै पनि अङ्ग

तिमी आउँदा पृथ्वीमा
हुन्छ घाम र पानी
तिमीलाई नै मानिन्छ
आकाशको रानी

तिमीले सबैको मन लोभ्याउँछौ
कहिलेकाहीँ तिमी आकाशमा उदाउँछौ
तिमी नै सबैलाई हसाउँछौ
तिमीले नै सबैलाई फकाउँछौ

## शिक्षा



संस्कृति लुइँटेल

*कक्षा ८, नवोदय शिशु सदन*

राम्रो गर्नुपर्छ हेर साथी
पढी गुनी सभ्य बनी चढौं शिखर माथि

पढाइ हो सबैकुरा यही हामीले बुझौं
साथीभाइ सबैलाई यही कुरा सिकाऔं

राम्रो पनि भविष्यमा ठूलो मान्छे बनौं
सभ्य र शिष्टताको परिचय दियौं

पढाइको अर्थलाई हामी सबले जानौं
यसरी नै जिन्दगीमा हामी अघि बढौं

**स्वास्थ्य/खानपान**

# बालबच्चालाई चोकरयुक्त खानेकुरा



अहिले हाम्रा छोराछोरीको खान्की के छ ? मम, चाउमिन, बिस्कुट, ब्रेड, चिप्स । यी अधिकांश खानेकुरामा मैदाजन्य हुन् । मैदाजन्य परिकार धेरै छन् र स्वादिलो पनि लाग्छ । तर, स्वास्थ्यका लागि त्यति फाइदाजनक छैन । मैदाजन्य परिकारकै कारण उनीहरुमा मोटोपन, मधुमेहजस्ता अनेक समस्या देखापर्ने गर्छ । जबकि उनीहरुलाई स्वस्थ्य, तन्दुरुस्त राख्ने हो भने चोकरयुक्त वा फाइबरयुक्त खानेकुरा दिनुपर्छ ।

तपाईं र हामीलाई थाहै छ, फाइबर को मुख्य स्रोत मानिने चोकरलाई अँग्रेजीमा ब्रान पनि भनिन्छ । यसको नियमित सेवनले पेट सफा हुनुका साथै भोक लाग्ने गर्छ । यसको सेवनले कब्जियतको समस्यासमेत कम हुन थाल्छ । त्यसैले, कब्जियतको समस्या हुने व्यक्तिले चोकरलाई महत्वका साथ सेवन गर्नुपर्छ । किनकि हामीले खाने खानामध्ये बचेको अंगलाई मलको माध्यमद्वारा बाहिर निकाल्न चोकरले सहायता प्रदान गर्छ ।

गहुँको बोक्रालाई नै चोकर भनिन्छ । यसमा सागसब्जीमा पाइनेभन्दा धेरै रोग प्रतिरोधात्मक शक्ति हुन्छ । यसमा आइरन, क्याल्सियम तथा भिटामिन 'बी' पनि पर्याप्त पाइन्छ, जसले शरीरमा रगतको मात्रा बढाउनुका साथै हड्डी मजबुत बनाउन तथा भोक बढाउन सहायता प्रदान गर्छ । आटामा चोकर हुनु निकै जरुरी छ । किनकि यसको सेवनले पेट सफा हुन्छ । आटामा रहेको चोकरलाई कहिल्यै फाल्नु हुँदैन । बरु चोकरलाई नरम बनाउन आटा मुछेर केही समय राख्न सकिन्छ ।

नेपालका अधिकांश मानिस अपच र कब्जियतको समस्याबाट पीडित छन् । यो समस्या कम गर्न पनि त्यस्ता व्यक्तिलाई औषधी सेवन गर्नैपर्ने बाध्यता छ । जबकि योगासन, प्राणायाम तथा चोकरको नियमित सेवनद्वारा पनि यो समस्यालाई जडैदेखि कम गर्न सकिन्छ । चोकरलाई तावामा सकेर चिसो भएपछि यसमा किसमिस, दाख, खजुरु तथा गुड मिसाएर मज्जाले पिसेर लड्डु बनाउन सकिन्छ ।

पेट सफा गर्नका लागि चोकरलाई पानीमा राम्ररी पखालेर मधुरो आचमा भुट्नु पर्छ । त्यसपछि यसमा थोरै गुड र किसमिस मिलाएर खाना खाने बेलामा दुई-दुई चम्चा सेवन गर्नुपर्छ । यसले पेट राम्ररी सफा हुन्छ । चोकरको हलुवा बनाउन एक गिलास उमालेको पानीमा गुड तथा मरमसला हालेर राम्ररी घोल्नुपर्छ । अब यसमा सफा गरेको तथा सुकेको ५० ग्राम चोकरलाई करिब दश मिनेटसम्म उमाल्नुपर्छ । यसपछि यसमा दुई चम्चा घिउ हालेर निकाल्नु पर्छ । यसमा किसमिस पनि हाल्न सकिन्छ ।

यसरी तयार पारिएको हलुवा सुपाच्य तथा स्वादिलो हुनुका साथै पौष्टिक पनि हुन्छ । यसको सेवनले कब्जियतको समस्या क्रमश: कम हुँदै जान्छ । चोक्करको पेय बनाउन पचास ग्राम चोकरलाई आधा लिटर पानीमा भिजाउनु पर्छ । बिहान यसलाई छानेर यसमा दुई चम्चा मह मिसाएर यो घोललाई पिउनु पर्छ । चाहनुहुन्छ भने यसमा घिउ वा मिश्री पनि मिसाउन सकिन्छ । यो पेयको सेवनले रगतको कमी, क्याल्सियम तथा आइरनको कमी कम गरेर रक्तअल्पत्ता, हड्डी कमजोर हुने समस्या तथा दुब्लोपना हुनबाट जोगाउँछ ।

जुसको सट्टा ताजा फलफूलमा रेशाको मात्रा धेरै हुन्छ । फलफूलको सेवन गर्दा बोक्रासहितको फलफूल तथा सागसब्जीको सेवन गर्नु पर्छ । साबुत अनाज र चोकरयुक्त आटा पेटको लागि निकै लाभकारी छ, फाइबर को मात्रा बढाउँदा पानीको मात्रा बढाउन पनि उत्तिकै जरुरी छ । अंकुरित दाल तथा गेडागुडीको सेवन नियमित गर्नुपर्छ । यसमा प्राकृतिक फाइबर पोषणको मात्रा धेरै हुन्छ । चना, मकैलाई तेलमा पकाउनुभन्दा भुटेर खाँदा राम्रो हुन्छ ।

# काँचो लसुनले घटाउँछ क्यान्सरको खतरा

लसुनमा औषधीय गुण हुन्छ भन्ने कुरा त हामी धेरैलाई थाहा छ । तर यसमा क्यान्सर प्रतिरोधी गुण समेत हुन्छ भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । पछिल्लो अध्ययनले लसुनका केस्राको नियमित सेवन गर्ने मानिसमा फोक्सोको क्यान्सरको खतरा लगभग आधा जसोले घट्ने देखाएको छ ।

चीनमा गरिएको अध्ययन अनुसार हप्तामा कम्तिमा पनि २ पटक लसुनका केस्रा खाने मानिसमा फोक्सोको क्यान्सरको खतरा ४४ प्रतिशत कम हुन्छ । फोक्सोको मुख्य कारक मानिएको धुमपान गर्ने मानिसमा समेत लसुनले क्यान्सरको खतरा ३० प्रतिशतले घटाउने अध्ययनको निष्कर्ष छ । यसअघिका विभिन्न अध्ययनले लसुनको नियमित सेवनले आन्द्रा तथा पेटको क्यान्सरको जोखिम कम गर्ने तथ्य पत्ता लगाएका थिए । तर लसुनले केवल पेटको मात्र नभएर फोक्सोको क्यान्सरको जोखिम पनि कम गर्ने पछिल्लो अध्ययनले पत्ता लगाएको हो ।

यो निष्कर्षमा पुग्नका लागि चीनको जियांग्सु प्रान्तीय रोग नियन्त्रण केन्द्रका वैज्ञानिकहरुले झण्डै ६ हजार मानिसमा परीक्षण गरेका थिए । ती मध्ये १५ सय फोक्सोको क्यान्सर रोगी र ४५ सय निरोगी मान्छे थिए । त्यसक्रममा क्यान्सरबाट पीडित मानिसहरुले लसुन नखाने वा खाएपनि निकै कममात्र खाने गरेको पाइयो भने निरोगी मानिसहरुमध्ये धेरैले लसुनको नियमित तथा पर्याप्त सेवन गर्ने गरेको पाइयो ।

शोधकर्ताहरुले काँचो लसुनले फोक्सोको क्यान्सरको जोखिम गर्ने कुरा पत्ता लागेको भएपनि पकाइएको लसुनले कस्तो प्रभाव पार्छ भन्ने कुराको बारेमा भने केही बताएका छैनन् । यद्यपि लसुनमा पाइने एलिसीन नामक तत्व पकाउँदा पनि नष्ट नहुने भएकाले काँचै खानु वा पकाएर खानुमा कुनै तात्विक भिन्नता नहुने कतिपय विज्ञहरुको भनाइ छ ।

# अखिलको अध्यक्षमा चार जनाको दाबी



काठमाडौं/नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियुको २३औं राष्ट्रिय महाधिवेशन नजिकिएसँगै नेतृत्वको दावेदारहरुले गतिविधि बढाएका छन् ।

आगामी २-४ फागुनमा तोकिएको महाधिवेशनबाट संगठनको अध्यक्ष बन्नेगरी वरिष्ठ उपाध्यक्ष आरसी लामिछाने, उपाध्यक्ष मोती विक, अर्का उपाध्यक्ष लोकेश निरौला र महासचिव समिक बडालले तयारी गरिरहेका छन् ।

यी चारै जनाले सर्वसहमत र मतदान हुँदा समेत जित्ने दाबी गरिरहेका छन् । 'कसले बाजी मार्छ भन्ने प्रष्ट छैन, तर तयारी गरिरहनु भएको देखिन्छ', उपाध्यक्ष निशा अधिकारी भन्छिन् ।

संगठनको वरिष्ठ उपाध्यक्ष भएकाले आफू स्वभाविक दावेदार भएको लामिछाने बताउँछन् । अनुभव र योग्यताका आधारमा अब आफूले नेतृत्व पाउनुपर्ने उनको तर्क छ । अहिलेका अध्यक्ष सुनिता बराललाई एकपटक नेतृत्व छोडेकाले अब अखिलको नेतृत्व आफूले पाउनुपर्ने लामिछानेले बताउने गरेका छन् ।

तर उनलाई सजिलै नेतृत्व छोड्ने पक्षमा उपाध्यक्षहरू मोती र लोकेश देखिँदैनन् । यी दुवै उपाध्यक्षले अध्यक्ष बन्ने तयारी गरिरहेका छन् । 'विद्यार्थी आन्दोलन र अखिलमा लागेको समयले पनि अब मैले अध्यक्ष बन्नुपर्छ भन्ने हो, त्यही अनुसार तयारी गरिरहेको छु', निरौला भन्छन् ।

मोती त कार्यसमिति सदस्यहरुको समर्थनले पनि अध्यक्ष बन्ने आफूसँग बलियो आधार भएको बताउँछन् । 'धेरै जना साथीहरु उस्तैउस्तै छौं । त्यसमध्ये पनि हामी दुई तीन जना अध्यक्षको बलियो दाबेदार हौं', उनी भन्छन्, 'अहिले समितिमा हुनु भएका धेरै साथीहरुले मलाई समर्थन गर्नुभएको छ ।'

महासचिव समिक बडाल पनि महाधिवेशनबाट निर्वाचित अध्यक्ष बन्ने बलियो तयारीमा छन् । 'अहिले महासचिव भएकाले स्वभाविक रुपले अध्यक्षको दाबेदार हुँ । संगठनमा लागेको हिसाबले त म सर्वसम्मत हुनुपर्ने नेतृत्व हो', महासचिव बडाल भन्छन्, 'पदाधिकारी साथीहरुले पनि महाधिवेशनबाट नेतृत्व तपाईं भन्नुभएको छ ।' सर्वसहमत र मतदान दुवै विधिबाट आफू अध्यक्ष बन्ने विश्वासमा बडाल छन् ।

आरआर क्याम्पसका सभापति रहेका तपेन्द्रजंग शाही, आकांक्षी अहिले धेरै देखिए पनि बलियो प्रतिस्पर्धा आरसी र समिक बीच हुने बताउँछन् । 'सर्वसम्मत भयो भने को हुन्छ थाह भएन, तर निर्वाचनमा आरसीसँग समिकको प्रतिस्पर्धा हुन्छ', शाही भन्छन् ।

आरसी, समिक, मोती र लोकेशका पक्षधरले चुनावी लबिङ नै सुरु गरिसकेका छन् । उनीहरुले आफूले समर्थन गरेकै नेताले जित्ने आधार तयार पारिरहेका छन् ।

यसपटक अखिलले पदाधिकारी संख्या घटाएकाले पनि आकांक्षी व्यवस्थापनमा समस्या देखिएको छ । गएको १-२ असोजमा सम्पन्न विधान महाधिवेशनले पदाधिकारी संख्या ३२ बाट १७ मा झार्ने निर्णय गरेको छ । त्यो निर्णयअनुसार, एक अध्यक्ष, चार उपाध्यक्ष, एक महासचिव, दुई उपमहासचिव, नौ सचिव र एक कोषाध्यक्ष चयन हुनेछ ।

केन्द्रीय कमिटी सदस्य पनि ५३३ बाट १९९ मा झार्ने निर्णय अखिलले गरेको छ । पदाधिकारी र केन्द्रीय सदस्य संख्या घटाउने निर्णयले पनि यो महाधिवेशनमा आकांक्षीहरुको व्यवस्थापन सजिलो देखिँदैन । तर महाधिवेशनले चुस्त र योग्य नेतृत्व तयार पार्ने स्थायी कमिटी सदस्य सजिना थापामगर बताउँछिन् । 'नेतृत्व चयन गर्नकै निम्ति महाधिवेशन हुने हो । त्यसैले संख्या समस्या हुँदैन', उनी भन्छन् ।

**सात वर्षपछि महाधिवेशन**

अखिलका केन्द्रीय सदस्य निता घतानी सात वर्षपछि अखिलले महाधिवेशन गर्न लागेकाले आकर्षण र गतिविधि धेरै देखिएको बताउँछिन् । 'धेरै समयपछि महाधिवेशन हुने भएकोले धेरैमा उर्जा थपिनुको साथै विभिन्न पदमा आकांक्षा छ । समय समयमा भएको भए सबैको पालो पुगेर नयाँ पुस्ता आइसक्ने स्थिति हुन्थ्यो', उनी भन्छिन् ।

अखिलको २२ औं महाधिवेशन २०७२ को फागुनमा भएको थियो । त्यो महाधिवेशनले अध्यक्षमा नविना लामा र महासचिव ऐन महर निर्वाचित गरेको थियो । लामा २०७४ कै प्रतिनिधिसभा सदस्य चुनावबाट सांसद भइन् । उनलाई एमालेले समानुपातिक कोटाबाट सांसद बनाएको थियो ।

तर २०७५ वैशाखमा नेकपा एमाले र माओवादी केन्द्रबीच एकता भयो । पार्टी एकतापछि अखिलको संयोजक ऐन महर र सहसंयोजक माओवादी केन्द्र निकट अखिल क्रान्तिकारीका रञ्जित तामाङ भए ।

नेकपाको एकता प्रक्रिया भंग भएर पुनर्स्थापित एमालेको अखिलमा महर अध्यक्ष भए । २०७८ असोजमा अखिलले महरलाई नेतृत्वबाट बिदा गरेर सुनिता बराललाई ल्यायो । २२औं महाधिवेशनबाट बरालले उपाध्यक्ष जितेकी थिइन् । बराललाई पनि गत मंसिरको चुनावबाट एमालेले प्रतिनिधि सभा सदस्य चयन गरेको छ । बराल एमालेको केन्द्रीय सदस्य समेत बनेपछि अखिलले २३ औं महाधिवेशनको तयारी गरिररहेको छ । *(स्रोत: अनलाइखबर)*

# गुणस्तरीय शिक्षामा शिक्षकको भूमिका अहम: वडाध्यक्ष सिग्देल

साझाकुरा संवाददाता




हेटौंडा, ६ माघ/ हेटौंडा उपमहानगरपालिका-४ का वडा अध्यक्ष नविन सिग्देलले गुणस्तरीय शिक्षाका लागि शिक्षकहरुको भूमिका नै अहम् हुनुपर्ने बताएका छन् ।

उनले वडाले शैक्षिकस्तर सुधारमा प्राथमिकता दिएको र गुणस्तरीयताको लागि कार्यक्रम केन्द्रित गरेको बताएका छन् । वडा कार्यालयद्वारा आयोजना गरिएको र वडा शैक्षिक गुणस्तर सुधार समितिद्वारा व्यवस्थापन गरिएको एक दिवसीय आधाभूत गणित शिक्षा सहजीकरण कार्यशालाको उद्घाटन गर्दै वडा अध्यक्ष सिग्देलले विद्यार्थीमा गुणस्तरीय शिक्षा प्रवाह गर्नको लागि शिक्षक आफै नयाँ नयाँ विषयबस्तु अपडेट हुनपर्ने र सृजनात्मक अध्यापनमा जोड दिनुपर्ने बताएका हुन् । भुटनदेवी माविमा भएको कार्यशालामा वडाका ६ वटा माविका १८ जना शिक्षक सहभागी थिए ।

कार्यशालाको सहजीकरण विषय शिक्षक दीपक अधिकारीले गरेका छन् । कार्यक्रममा नवोदय माविका प्राचार्य दुर्गा भट्टराई, ब्रम्हदीक एकेडेमीका कुमार बाँनिया, भुटनदेवी मावि व्यवस्थापन समिति सदस्य कमला दाहालको उपस्थितिमा भएको कार्यशालाको उद्घाटन कार्यक्रमको सभाध्यक्षता भुटनदेवी माविका प्रअ माधव दाहालले गरेका थिए ।

यसैगरी, श्रमिक माविमा छात्रवृत्ति वितरण तथा त्रैमासिक शैक्षिक नतिजा सार्वजनिक कार्यक्रम पनि भएको छ । वडा अध्यक्ष सिग्देलको प्रमुख आतिथ्यता तथा विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष रिता दाहालको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

# मकवानपुर क्वाटरफाइनलमा पराजित

साझाकुरा संवाददाता



हेटौंडा, ६ माघ/ बागमती प्रदेशको उत्तरी क्षेत्रस्थित रामेछापको मन्थली नगरपालिकामा जारी प्रदेशस्तरीय भलिबल प्रतियोगितामा मकवानपुरको भलिबल टिम पराजित भएको छ ।

नेपाल खेलकुद महासंघ बागमती प्रदेशद्वारा आयोजित भलिबल प्रतियोगिताअन्तर्गत् शुक्रबार भएको क्वाटरफाइनल खेलमा रामेछापसँग मकवानपुर सोझो सेटमै पराजित भएको हो । रामेछापले मकवानपुरलाई २५-२२ र २५-२३ को सोझो सेटमै हराएको छ ।

मकवानपुरलाई हराएको रामेछाप प्रतियोगिताको फाइनल प्रवेश गरेको छ । रामेछापसँग पराजित भएपछि मकवानपुरको टिम शुक्रबार नै गृह जिल्ला फर्किएको छ । मकवानपुरले विहीबार काभ्रेपलाञ्चोक भलिबल टिमलाई हराउँदै क्वाटरफाइनल प्रवेश गरेको थियो । राजकुमार राईको कप्तानीमा उत्रिएको मकवानपुरले काभ्रेलाई २५-११ र २५-२२ को सोझो सेटमै पराजित गर्न सफल हुँदै क्वाटरफाइनल पुगेको थियो ।

मकवानपुरको भलिबल टिममा कप्तान राईसहित बलराम सुवेदी, विशाल मोक्तान, रमेश थिङ, ओकेश बलामी, सुरेन्द्र गोले, पुजन गुरुङ, सञ्जय थिङ, राजेश घिमिरे र बुद्धिकृष्ण दंगाल रहेका छन् । टिम प्रशिक्षक श्रेष्ठ रहेका छन् भने व्यवस्थापक नरेन्द्र मोक्तान छन् ।

प्रतियोगितामा प्रथम हुनेलाई २ लाख, द्वितीय हुनेलाई १ लाख, तृतीय हुनेलाई ५० हजार र सान्त्वना ३० हजार पुरस्कार राशिसहित शिल्ड, मेडलको व्यवस्था रहेको नेपाल खेलकुद महासंघ बागमती प्रदेश कमिटी अध्यक्ष सीताराम कार्कीले जानकारी दिए । खेलमा सहभागी टीमलाई सहभागी भएवापत प्रत्येक टिमले २५ हजार रुपैयाँ र सेमिफाइनलमा पुगेका टीमलाई थप २५ हजार रुपैयाँसमेत दिइने आयोजकले जनाएको छ ।

जारी प्रतियोगितामा बागमती प्रदेशका ११ जिल्लाका टीमको सहभागिता छ । रामेछाप, दोलखा, सिन्धुली, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर, काठमाडौं, धादिङ, नुवाकोट, रसुवा, मकवानपुर, चितवन, सिन्धुपाल्चोक जिल्लाका भलिबल टिम सहभागी थिए ।

# कानुन अनुसार खुलेका क्रसर उद्योग सञ्चालन गर्न पाउनुपर्ने माग



काठमाडौं/क्रसर तथा खानी उद्योगी व्यवसायी महासंघले कानुन बमोजिम दर्ता भएर सञ्चालन भएका उद्योग गृह मन्त्रालयले बन्द गराउनु कानुन विपरीत भएको भन्दै आपत्ति जनाएको छ ।

शुक्रबार नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघले पत्रकार सम्मेलन गर्दै कानुन बमोजिम दर्ता भएर राज्यलाई नियमित रुपमा कर तिरिरहेका उद्योगहरुमा उत्पादन तथा बिक्री वितरण समेत बन्द गराउनु कानुन विपरीत भएको भन्दै गृह मन्त्रालयको कदमप्रति आपत्ति जनाएको हो ।

उद्योगबाट उत्पादन भएका ढुङ्गा, गिटी, बालुवा तथा रोडा उद्योग तत्काल सञ्चालन गर्न दिन महासंघले सरकारसँग माग गरेको छ । कानुन बमोजिम दर्ता भएका तथा इजाजत पत्र लिइसकेका ढुङ्गा, गिटी, बालुवा तथा रोडा उद्योग तत्काल सञ्चालन गर्न दिनुपर्ने बताएको छ ।

महासंघका महासचिव पुरुषोत्तम रेग्मीले इजाजत पत्र लिएका उद्योगहरु कानुनी प्रक्रिया पुऱ्याई दर्ता खारेजी गरेपछि मात्र उद्योग बन्द गर्न पाइने भएपनि मन्त्रालयले इजाजत पत्र खारेज नगरी प्रहरी लगाएर उद्योग बन्द गर्नु गलत भएको बताए । उनले सरकारको उक्त कार्य लोकतान्त्रिक विधि अनुरुप नभएको भन्दै आपत्ति जनाए । उनले दर्ता भई लगानी गरिसकेपछि मुआब्जा नदिई क्रसर उद्योगहरु बन्द गराउनु कानुन विपरीत भएको भन्दै उक्त नियम नयाँ दर्ता हुने उद्योगहरुलाई लागु गर्नुपर्ने बताए ।


नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले सरकारको क्रसर उद्योग बन्द गर्ने निर्णयले देशको अर्थतन्त्रलाई ठूलो नोक्सानी पुऱ्याएको जिकिर गरे । उनले सरकारले गलत निर्णयको कारण मुलुकको पूर्वाधार विकासका कामहरु पनि ठप्प भएको गुनासो गरे ।

क्रसर तथा खानी उद्योग व्यवसायी महासंघका अध्यक्ष सिताराम न्यौपानेले क्रसर उद्योग सञ्चालनको मापदण्ड नमान्ने नभनेको भन्दै देशको कानुन अनुसार नै स्थापना भएको बताए ।

महासंघले कच्चा पदार्थ उत्खनन कार्यलाई क्रसर उद्योग सञ्चालनसँग जोडेर मूल्याङ्कन गर्न नमिल्ने बताउँदै उत्खनन कार्य स्थानीय निकायमाफत र क्रसर उद्योग सञ्चालन कार्य उद्योग विभागमार्फत व्यवस्था गर्न माग समेत गरेका छन् । क्रसर उद्योग अन्य स्थानमा स्थानान्तरण गर्न कम्तीमा १० वर्षको म्याद दिई स्थानीय सरकारले स्थानान्तरण गर्ने स्थान पहिचान गरी सिफारिस गरेको स्थानमा सो समय भन्दा अगावै उद्योग स्थानान्तरण गर्न तयार रहेको पनि महासंघले जनाएको छ ।

मन्त्रालयको २० मंसिरको परिपत्रबाट ढुङ्गा, गिटी, बालुवा तथा रोडा उद्योगहरुलाई ७७ जिल्ला प्रशासनले उत्खनन, उत्पादन तथा बिक्री वितरणमा रोक लागाएको थियो । *(स्रोत: अनलाइखबर)*

# क्यूएफएक्सले 'छक्का पञ्जा ४' र 'छड्के २' दुवै लगाउने




काठमाडौं/आगामी फागुन १९ मा दुई फिल्म 'छक्का पञ्जा ४' र 'छड्के २' बक्स अफिसमा आमनेसामने हुँदैछन् । यी दुई फिल्मको भीडन्तको चर्चाले सिंगो फिल्म क्षेत्रको ध्यान तानिएको छ । त्यसमाथि देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले अब एकै मितिमा दुई ठूला फिल्म रिलिज नगर्ने भन्दै फागुन १९ मा 'छक्का पञ्जा ४' मात्र प्रदर्शन गर्ने अडान लिएपछि विरोधको आवाज समेत सुनिन थाल्यो ।

क्यूएफएक्सले 'छड्के २'लाई धकेल्न हरेक प्रयास गरेको थियो । तर, निर्माता र वितरक टसमस नभएपछि अब फागुन १९ मा दुवै फिल्म लगाउने निर्णयमा क्यूएफएक्स पुगेको छ । यसका सञ्चालकमध्येका भाष्कर ढुंगानाले दुवै फिल्मका निर्माताले आफूहरुको आग्रह नमानेका कारण अब दुवै फिल्म रिलिज हुने जानकारी दिए । ढुंगानाले भने, 'निर्माता तयार छन् भने हामी पनि तयार छौं ।'

बिहीबार 'छड्के २'का वितरक सुनिल मानन्धरलाई क्यूएफएक्सको म्यानेजमेन्ट टिमले छलफललाई बोलाएका थियो । उनले फागुन १९ बाट फिल्म नसार्ने अडान लिएपछि क्यूएफएक्सले दुवै फिल्म रिलिज गर्ने निर्णय गरेको हो । मानन्धरले भने, 'उहाँहरुले कहिल्यै मलाई क्यूएफएक्स चेनमा 'छड्के २' चलाउँदैनौं भनेर भन्नुभएको थिएन । हिजोको छलफलमा फिल्म रिलिज गर्छौं भनेर भन्नुभयो ।'

निर्मातालाई सर्वाधिक शेयर दिने क्यूएफएक्सले बाटो खुल्ला गरेपछि अब 'छक्का पञ्जा ४' र 'छड्के २'को भिडन्त टर्ने सम्भावनाको पनि अन्त्य भएको छ । तर, दुवै फिल्म एकसाथ आउँदा घाटा दुवैलाई हुनेछ । दर्शकसँगै हल पनि बाँडिने भएकाले इनिसियल व्यापार दुवैको अपेक्षाकृत नहुन सक्छ । बक्सअफिसमा कुन लामो रेसको घोडा बन्ने भन्ने चाहिँ 'वर्ड अफ माउथ'मा निर्भर रहनेछ ।

# प्रदेशमा १९ जना कोरोनाका सक्रिय संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ बागमती प्रदेशमा १९ जना कोरोना भाइरसको सक्रिय संक्रमित रहेको पाइएको छ ।

प्रदेशको स्वास्थ्य मन्त्रालयले प्रदेशमा हाल १९ जना कोरोना भाइरसको सक्रिय संक्रमित रहेको जनाएको हो । मन्त्रालयले शुक्रबार प्रदेशमा थप २ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको पनि जानकारी दिएको छ । मन्त्रालयको अनुसार ४५६ जनामा गरिएको परीक्षणमा थप २ जना संक्रमित थपिएका छन् । प्रदेशमा हालसम्म कोरोनाका कारण ५ हजार ३६७ जनाको मृत्यु भएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चितवन राष्ट्रिय निकुञ्जमा तस्करले मारे दुईवटा गैंडा



चितवन/तस्करले चितवन राष्ट्रिय निकुञ्ज हुँदै बग्ने नारायणी नदी किनारमा दुई वटा गैंडा मारेका छन् । पूर्वी नवलपरासीको मध्यविन्दु नगरपालिका वडा नम्बर-२ स्थित नारायणी नदी किनारमा मृत अवस्थामा दुई गैंडा फेला परेका हुन् ।

निकुञ्जका सूचना अधिकारी गणेश तिवारीका अनुसार एउटा अन्दाजी १४ वर्षको वयस्क पोथी गैंडा र सोही गैंडाको चार वर्षको केटोलाई तस्करहरुले मारेका हुन् । स्थानीयले गैंडा मृत अवस्थामा देखेपछि निकुञ्ज र सेनालाई खबर गरेका थिए ।

पोथी गैंडाको खाग काटिएको अवस्थामा फेला परेको छ, त्यसैले यो गैंडा तस्करले नै मारेको हुन सक्ने निकुञ्जको भनाइ छ । गैंडा मृत्युबारे अनुसन्धान भइरहेको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी तिवारीले बताए ।

चालु आर्थिक वर्षमा निकुञ्जमा चोरीशिकारीबाट गैंडा मारिएको घटना यो पहिलो हो ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्य भने विदेश भ्रमणमा छन् । यस वर्ष यी सहित १० गैंडा मरेका छन् । ९ वटा गैंडा भने अन्य प्राकृतिक कारणले मरेको निकुञ्जको दावी छ ।

# कामभन्दा हल्ला ठूलो : अनमोलले छाडे 'एक्स ९'




काठमाडौं/साइन गरेर फिल्म छाड्ने मामलामा अभिनेता अनमोल केसीको नाम अगाडि आउँछ । 'ब्याचलर बन्टी', 'हनी बनी'पछि उनले फेरि अर्को फिल्मबाट हात झिकेका छन् । लकडाउनको समयमा सम्झौता गरेको फिल्म 'एक्स ९'बाट उनी बाहिरिएका हुन् । निर्धारित समयमा छायांकन सुरु नभएको र आफूले अरु फिल्मलाई समय दिनुपर्ने भएकाले फिल्म छाडेको उनले जानकारी दिएका छन् ।

उनले निर्मातालाई फिल्म साइन गर्दा बुझेको पेश्की रकम फिर्ता गरिसकेका छन् । लकडाउनमा अनमोलले फिल्मका लागि शरीर कसिलो बनाउन राम्रै मिहिनेत गरेका थिए । शाकाहारी उनले माछा-मासु समेत खाना थालेका थिए । उनले केही महिना एक्सनको तालिम समेत लिए । तर, निर्माताहरुबीच उत्पन्न असमझदारीका कारण फिल्म निर्माण हुन नसक्दा उनको मिहिनेत पनि खेर गयो ।

गत साउनमा निर्माता तथा निर्देशक मुकुन्द भट्टले नीति शाहलाई अभिनेत्रीमा भित्राउँदै फिल्म निर्माण नहुने भन्ने बजारको हल्लालाई चिरेका थिए । लोकेशन हेर्न उनी क्यानडा समेत पुगे । त्यस मौकामा उनले 'हिम्मतवाली' फिल्मका हिरो सुदर्शन थापालाई पनि कलाकारमा अनुबन्धित गरे । तर, एकपछि अर्को कलाकारसँग सम्झौता गर्नेबाहेक फिल्मको अरु केही काम हुन सकेको देखिन्न ।

फिल्ममा बलिउड सुपर स्टार सुनिल सेट्टीको पनि अभिनय रहने भन्दै निर्माण टिमले ठूलै डंका पिट्यो । तर, निर्माता र निर्देशकले सुनिलसँग मुम्बईमा फोटो खिचाउने भन्दा अरु उपलब्धि हुन सकेको छैन । यस फिल्ममा पुष्प खड्का, सौगात मल्ल, अनुपविक्रम शाहीलगायतका कलाकार पनि अनुबन्ध भैसकेका छन् । तर, कामभन्दा हल्ला ठूलो हुँदा 'एक्स ९'को निर्माण अन्योल बनेको छ ।

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# माउन्टेन एफसीले जित्यो थाहा गोल्डकप

साझाकुरा संवाददाता




हेटौंडा, ६ माघ/ थाहा नगरपालिकामा भएको चौथो थाहा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि काठमाडौंको माउन्टेन एफसीले जितेको छ ।

इन्द्रायणी खेलमैदानमा भएको फाइनल खेलमा घरेलु टोली पारिजात स्मृति पुस्तकालय चित्लाङलाई २-१ गोल अन्तरले पराजित गर्दै माउन्टेनले उपाधि जितेको हो । माउन्टेनको जितमा उर्गेन शेर्पा र अमित लामाले एक-एक गोल गरेका थिए । पारिजातका याकुवले एक गोल फर्काए पनि उपाधि जित्न भने सकेन । प्रतियोगिताको फाइनलका म्यान अफ द म्याच अमित लामा घोषित भएका छन् । प्रतियोगिताको विजेता माउन्टेन एफसीले नगद २ लाखसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ ।

उपविजेता पारिजातले नगद एक लाख रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगिताको उत्कृष्ट खेलाडी माउन्टेनका अमित लामा घोषित भए । उनले नगद ७ हजार रुपैयाँ प्राप्त गरे । त्यस्तै विधागततर्फ सर्वाधिक गोलकर्ता पारिजातका सोलोमन, उत्कृष्ट डिफेन्डर माउन्टेनका सबिन खड्का र उत्कृष्ट गोलकिपर माउन्टेनका सागर मगर चुनिएका छन् । उनीहरुले नगद ५ हजारसहित ट्रफी हात पारे । प्रतियोगितामा बिजेता तथा उपबिजेता टिमलाई थाहानगर प्रमुख विष्णुबहादुर विष्ट, उपप्रमुख भरत गोपालीलगायतले पुरस्कार प्रदान गरेका छन् ।

थाहा नगर खेलकुद विकास समिति संयोजक टिकाराम स्याङ्तानको अध्यक्षतामा सम्पन्न पुरस्कार वितरण समारोहमा वडा नम्बर १ का अध्यक्ष हेरमान गोपाली सहित वडा अध्यक्षहरु नारायण लामा, शिवराज थिङ, राजकुमार बलामी, थाहानगरका पूर्वखेलकुद विकास संयोजक राजेश केसी, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका सचिव नवराज बिष्ट, नेपाली कांग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशी, नेकपा एमालेका शिवराम थापा, राप्रपा थाहानगर अध्यक्ष नविन रायमाझी, माओवादी केन्द्रका नगर सदस्य इच्छापूर्ण कार्की, थाहा स्पोर्ट्स एकेडेमीका अध्यक्ष युवराज बिष्ट लगायतको उपस्तिथि थियो ।

थाहा नगरपालिकाको मुख्य प्रायोजनमा वर्षेनि हुने प्रतियोगिता सहयोग गर्ने च्वाइस नेपाल, यति ब्रुअरी, चन्द्रागिरी हिल्स, पालुङ बहुउद्देश्यीय सहकारीलगायत संघसंस्थाहरुलाई कदरपत्रसहित सम्मान गरिएको थियो । समापन समारोहलाई सम्बोधन गर्दै थाहाका नगर प्रमुख विष्टले खेलकुदले पहिचान दिलाउने भएकाले नियमित आयोजना हुनुपर्नेमा जोड दिए । थाहा नगर गोल्डकप आयोजना गर्न नगरपालिकाले संधै सहयोग गर्ने उनको भनाइ छ । नगरपालिकाले स्थानीयस्तरमा सबै खेलकुदको विकास र खेलाडी उत्पादनमा ध्यान दिने विष्टले प्रतिबद्धता जनाए ।

# अनलाइन परीक्षा प्रणालीको वातावरण बनाउनुपर्छः शर्मा

साझाकुरा संवाददाता




हेटौंडा, ६ माघ/ बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले लोकसेवा आयोगले अनलाइन परीक्षा प्रणालीको वातावरण तयार गर्नुपर्ने बताएका छन् ।

शुक्रबार प्रदेश लोक सेवा आयोग बागमती प्रदेशको तेस्रो वार्षिकोत्सवको अवसरमा बोल्दै प्रदेश प्रमुख शर्माले अहिलेको युगमा लोकसेवा आयोगले अनलाइन परीक्षा प्रणालीको वातावरण तयार गर्नुपर्ने बताएका हुन् । उनले सुशासन कायम गर्न राजनीतिक नेतृत्व र कर्मचारीलाई आग्रह पनि गरे । शर्माले प्रदेश लोक सेवा आयोगको स्थापनाको अवस्थामा कर्मचारी अभाव, स्रोत र साधनको अभावबीच काम गर्नु प्रसशंनीय र हेको बताए । उनले लोकसेवा आयोगले योग्यता, निष्पक्षता र स्वच्छतासंगै प्रतिबद्धता समेत रहेको भए अझै राम्रो हुने सुझाव दिए ।

कार्यक्रममा बोल्दै मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले कर्मचारीको अभावमा काम छिटो छरितो रूपमा सम्पादन गर्न नसकिएको बताए । पछिल्लो समय १४ सय २० जना कर्मचारी नियुक्त गरेपछी काममा केही सहज भएको उनले बताए । प्रदेश निजामती ऐन छिटो निर्माण गर्ने प्रक्रियामा रहेको उनको भनाइ छ । उनले सात वटा प्रदेशमा बागमती प्रदेश लोकसेवा आयोगले नेतृत्वदायी भूमिका खेलेको दाबी गरे ।

प्रदेश आफैंमा नयाँ भएको र संघीय कानूनसंग बाझिएकाले केही समस्या भएको उनले बताए । पछिल्लो समय केहि सहज भएको जम्कट्टेलले बताए । दरबन्दीभित्र अझै तीन हजार पाँचसय कर्मचारी अपूग रहेको र अब कर्मचारी भर्ना गर्न ऐन निर्माणपछि थप सहज हुने मुख्यमन्त्री जम्मकट्टेलले बताए । सुशासनयुक्त बागमती प्रदेश बनाउने अभियानमा सबैलाई सहयोग गर्न उनले आग्रह गरे ।

कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलिया, प्रदेश लोक सेवा आयोगका अध्यक्ष सुरेशमान श्रेष्ठ, गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष लक्ष्मी देवी पाण्डे र हेटौंडा उपमहानगरपालिकाका मेयर मिनाकुमारी लामाले मन्तव्य व्यक्त गरेका थिए ।

## पूर्वविद्यार्थीद्वारा विद्यालयमा डिजिटल बोर्ड

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ भीमफेदी गाउँपालिकाको भैंसेमा रहेको श्रीकृष्ण माविमा पूर्वविद्यार्थीहरुले डिजिटल बोर्ड राखेका छन् ।

पूर्वविद्यार्थीहरुले विद्यालयमा डिजिटल सूचना बोर्ड जडान गरिदिएका हुन् । पूर्वविद्यार्थीहरु सुवासचन्द्र राना, रोचक थापा र जीतेन्द्रप्रसाद कुसवाहाले विद्यालयलाई ८० हजार रुपैयाँ बराबरको १ थान डिजिटल सूचना बोर्ड हस्तान्तरण गरेका हुन् ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, वडाअध्यक्षको रोहवरमा पूर्वविद्यार्थी कुसवाहाले डिजिटल बोर्ड हस्तान्तरण गरेका हुन् । कुसवाहा हेटौंडामा कम्प्युटरको व्यवसाय गरिरहेका छन् भने थापा र राना विदेशमा छन् । तीन जना विद्यार्थी मिलेर सामूहिक लगानी गरी आफूले अध्ययन गरेको विद्यालयलाई सहयोग गरेका हुन् ।


मोबाइल एपमार्फत् सूचना प्रवाह गर्न मिल्ने डिजिटल बोर्ड विद्यालयमा जडान गरेपछि अभिभावक तथा बालबालिकाले छिटोछरितो सूचना पाउने अपेक्षा गरिएको विद्यालयका प्रधानाध्यापक कृष्ण श्रेष्ठले जानकारी दिए । बोर्डमा हाल विद्यालयको नाम राखिए पनि आवश्यकता अनुसार अन्य सूचना बोर्डबाट प्रवाह गरिने विद्यालयले जनाएको छ । पछिल्लो समयमा बालबालिकामा डिजिटल स्क्रिनको मोह बढ्दै गएको छ ।

**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१**

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

# राक्सिराङको गर्लिङमा पुग्यो स्वास्थ्य इकाई

हेटौंडा, ६ माघ/ राक्सिराङ गाउँपालिकाको दुर्गम बस्ती गर्लिङमा पहिलोपटक स्वास्थ्य इकाई स्थापना भएको छ ।

स्वास्थ्य उपचारको पहुँचबाट यसअघि बाहिर रहँदै आएको गर्लिङले गाउँमै स्वास्थ्य इकाई पाएको हो । राक्सिराङ गाउँपालिकाले विकट गाउँमा स्वास्थ्य इकाई स्थापना गरी सेवा सुरु गरिएको हो । राक्सिराङ गाउँपालिका-७ स्थित गर्लिङमा गर्लिङ सामुदायिक स्वास्थ्य इकाईको उद्घाटन गरी नियमित स्वास्थ्य सेवा सुचारु भएको छ । गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल र प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले स्वास्थ्य इकाईको उद्घाटन गरेका हुन् । गाउँपालिकाबाट आवश्यक औषधि तथा फर्निचर उपलब्ध गराई वडा कार्यालयको भवनबाट स्वास्थ्य सेवा सुरु गरिएको हो ।

स्वास्थ्य इकाईमा अहेब, अनमी र एक जना कार्यालयको दरबन्दी तोकिए पनि अहिले अनमी र कार्यालय सहयोगीले कार्य सुरु गरेका छन् । अहेबको लागि दरखास्त आह्वान गरिए पनि दरखास्त नपरेका कारण दरबन्दी पूरा हुन नसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गर्तौलाले जानकारी दिए ।

गाउँपालिकाले हरेक वडामा स्वास्थ्य संस्था स्थापना गरी सेवा दिइरहेको छ । गाउँपालिकामा एक आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाई गरी ११ वटा स्वास्थ्य संस्थामार्फत् सेवा दिइरहेको गाउँपालिकाका अध्यक्ष मल्लले बताए ।

# हेटौंडाका तीनवटै भेट्रान्स क्लब पराजित

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/पोखरामा जारी प्रथम हिमालयन ब्रुअरी प्रालि तथा बाह्रौं बगर भाइ खलक 'एट ए' साईड अन्तर्राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगितामा हेटौंडाका तीनवटै भेट्रान्स क्लबहरु पराजित भएका छन् ।

बगर भाइ खलक भेट्रान्स कास्कीको आयोजनामा भइरहेको प्रतियोगितामा हेटौंडाका नागस्वती भेट्रान्स, पशुपति भेट्रान्स र हेटौंडा भेट्रान्सले प्रतिस्पर्धा गरेका थिए । हेटौंडा र नगस्वती भेट्रान्सले प्रतियोगितामा एक-एक खेल जिते पनि दोस्रो चरण खेलमा भने पराजय भोगे । नागस्वती भेट्रान्सले पहिलो खेलमा बौद्ध भेट्रान्सलाई पराजित गरेको थियो भने दोश्रो खेलमा थापा गाउँ भेट्रान्ससँग पराजित हुन पुगेको छ । हेटौंडा भेट्रान्सले फ्रिडम फाइटरलाई पराजित गरेर दोस्रो चरणमा पुगे पनि थापा गाउँ भेट्रान्स अगाडि बढ्न बाधक बन्यो ।

हेटौंडा भेट्रान्स थापा गाउँ भेट्रान्ससँग क्वाटरफाइनलमा निरिह बनेको छ । एउटै प्रतियोगितामा थापा गाउँ भेट्रान्सले हेटौंडाका २ क्लबलाई हराएर पठाइ दिएको छ । पशुपति भेट्रान्स भने पहिलो खेलमै पराजित भएको थियो । प्रतियोगितामा २४ वटा टिमले सहभागिता जनाएका थिए । 'स्वास्थ्यको लागि एक घण्टा व्यायाम, नागरिकहरुको लागि नौलो आयाम' भन्ने नारासहित आयोजित प्रतियोगितामा आज शनिबारदेखि सेमिफाइनल खेलहरु हुने आयोजकले जानकारी दिएको छ । प्रतियोगितामा प्रथम हुनेले दुई लाख नगदसहित ट्रफि, मेडल प्रमाणपत्र तथा दोश्रो हुनेले एक लाख नगदसहित ट्रफी मेडल, प्रमाणपत्र पाउनेछन् ।

**थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.को सूचना

PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर/Palung, Makawanpur

## तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०७९/१०/०७*

यस सहकारी संस्थाबाट तपशिलका ऋणीहरुलाई तपशिलमा उल्लेख भएबमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावाँ ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक-पटक म्याद दिँदासमेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जना आदिसमेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानूनबमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो बन्धकस्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपशिलबमोजिमको सम्पत्ति बेचविखन गरी कर्जा रकम असूल उपर गरी लिइनेछ । सोबाट समेत असुल उपर हुनुपर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीको अन्य चल अचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरी लिनेछ । उपरोक्त कारबाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्चसमेत तपाई ऋणीबाट नै भराई लिइनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षणवापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नुपर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरासमेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं | ऋणीको तीनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** सुभद्रा थापा<br>बाबुको नाम : गंगाबहादुर बस्नेत<br>पतिको नाम : जीवनकुमार थापा<br>ना.प्र.प.नं. १५३०<br>जारी मिति : २०४५/०१/१३<br>ठेगाना : चित्लाङ-९, मकवानपुर<br>व्यक्तिगत मन्जुरी दिने:<br>**नाम :** कपिल थापा<br>बाबुको नाम : जीवनकुमार थापा<br>बाजेको नाम : मानबहादुर<br>ना.प्र.प.नं. ६१/४०४६४<br>जारी मिति: २०६३/०८/१३<br>ठेगाना : चित्लाङ-९, मकवानपुर | <br> | कपिल थापाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला चित्लाङ गा.वि.स वार्ड नं ९ स्थित कि.नं. १२४७/१४८८/२९०/१४९१/१४८६/५७को क्षेत्रफल ०-१३-१-३, ३-०-०-०, ०-२-१-३, ०-६-३-०, ०-१२-०-०, ०-०-३-२ को जग्गा । |
| २. | **नाम :** कल्पना बिष्ट<br>बाबुको नाम : रणबहादुर खड्का<br>पतिको नाम : प्रेमबहादुर बिष्ट<br>ना.प्र.प.नं. ३१३०३७/५६२<br>जारी मिति: २०६३।१०।१३<br>ठेगाना: दामन-५, मकवानपुर |  | कल्पना बिष्टको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ५/४ स्थित कि.नं. ५७३/५०५/४९४ कोक्षेत्रफल ०-१२-३-१.५/२-०-३-०/१-१५-१-० को जग्गा । |
| ३. | **नाम :** सीता दमाई<br>पतिको नाम : सादुराम दमै<br>ससुराको नाम : गोबद्धेन दमै<br>ना.प्र.प.नं. ३३०<br>जारी मिति: २०४४।११।०६<br>ठेगाना: दामन-९, मकवानपुर<br>व्यक्तिगत मन्जुरी दिने:<br>**नाम :** सादुराम दमै<br>बाबुको नाम : गोबर्द्धन दमै<br>बाजेको नाम : थोते दमै<br>ना.प्र.प.नं. दामन ८३<br>जारी मिति: २०४३/०९/१५<br>ठेगाना: दामन-३, मकवानपुर | <br> | सादुराम दमैको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ९ स्थित कि.नं. ७७९/७८३ को क्षेत्रफल ०-३-२-१/०-०-२-२ को जग्गा । |
| ४. | **नाम :** रमेशकुमार दमै<br>बाजेको नाम : पान्ते परियार<br>बाबुको नाम: सानु दमाई<br>ना.प्र.प.नं. ८६०<br>जारी मिति: २०५१।०९।१८<br>ठेगाना: दामन-३, मकवानपुर |  | रमेश कुमार दमैको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ७१४ को क्षेत्रफल ०-८-०-० को जग्गा । |
| ५. | **नाम :** विजयकुमार थिङ<br>बाजेको नाम : मानबहादुर थिङ<br>बाबुको नाम: बिष्णुबहादुर थिङ<br>ना.प्र.प.नं. ३८२४<br>जारी मिति: २०५२।०५।२७<br>ठेगाना: आग्रा-६, मकवानपुर<br>व्यक्तिगत मन्जुरी दिने:<br>**नाम :** बिष्णुबहादुर थिङ<br>बाबुकोनाम : मानबहादुर थिङ<br>बाजेकोकोनाम : सिंहबहादुर थिङ<br>ना.प्र.प.नं. १३२२<br>जारी मिति: २०४४/१२/०४<br>ठेगाना: आग्रा-६, मकवानपुर | <br> | बिष्णु बहादुर थिङको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ५३४/५३८/५४३ को क्षेत्रफल १-०-०-१/१-११-१-०/४-८-२-० को जग्गा । |
| ६. | **नाम :** कुमार सिं लामा<br>बाजेको नाम :रामबहादुर बल<br>बाबुको नाम : मानबहादुर बल<br>ना.प्र.प.नं. २४३६३<br>जारी मिति: २०४९।१२।०४<br>ठेगाना: हाँडीखोला-३, मकवानपुर<br>व्यक्तिगत मन्जुरी दिने:<br>**नाम :** मान बहादुर बल<br>बाबुको नाम : रामबहादुर बल<br>बाजेको नाम : लालबहादुर बल<br>ना.प्र.प.नं. १४२<br>जारी मिति: २०३३/०७/०२<br>ठेगाना: हाँडीखोला-३, मकवानपुर |  | मान बहादुर बलको नाउँमा मालपोत कार्यालय हेटौँडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हाडिखोला गा.वि.स वार्ड नं ३ स्थित कि.नं. १०९३ को क्षेत्रफल ०-८-८.२५-० (बिघा) को जग्गा । |
| ७ | **नाम :** बिक्रम परियार<br>बाजेको नाम :पदमबहादुर दमै<br>बाबुको नाम : सेते दमै<br>ना.प्र.प.नं. २९।२०९७०<br>जारी मिति: २०६१।१२।१५<br>ठेगाना: पदमपोखरी-१, मकवानपुर<br>व्यक्तिगत मन्जुरी दिने:<br>**नाम :** सेते दमै<br>बाबुको नाम : पदमबहादुर दमै<br>बाजेको नाम : पान्ते दमै<br>ना.प्र.प.नं. ९०४०<br>जारी मिति: २०४५/०१/०५<br>ठेगाना: पदमपोखरी-१, मकवानपुर<br>**नाम :** इश्वरी परियार<br>बाबुको नाम : चन्द्रबहादुर बखती<br>बाजेको नाम :मानबहादुर बखती<br>ना.प्र.प.नं. २९१।२१०२२<br>जारी मिति: २०६१/१२/१६<br>ठेगाना: पदमपोखरी-१, मकवानपुर | <br> | सेते दमैको नाउँमा मालपोत कार्यालय हेटौँडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं २ स्थित कि.नं. ७८४७ को क्षेत्रफल ०-१-१२.५-० (बिघा) को जग्गा । |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना